# मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)
सिद्धार्थनगर -५, मैत्रीपथ, भैरहवा - रुपन्देही, फोन नं. : ०७१-५८७३१६
इमेलः manakamanalbs@gmail.com, वेबसाइटः www.manakamanalbs.com

## बोनस शेयर प्राप्त गर्न बोनस शेयरमा लाग्ने कर बुझाउन बाँकी रहेका शेयरधनीहरुलाई जारी गरिएको सूचना

यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०९/१९ मा सम्पन्न चौथो वार्षिक साधारण सभाबाट आ.व. २०७७/०७८ को मुनाफाबाट शेयरधनीहरुलाई १७ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित भएको व्यहोरा अवगतै छ। साविकको स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड र मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्ज भई मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकिकृत कारोवार भएको मिति २०७७/०४/११ गते पश्चात् शेयर खरीद गरेका वा प्राथमिक शेयर निष्काशनमा बाँडफाँडमा परी हालसम्म सो शेयर कायम रहेका शेयरधनीहरुको हकमा सो शेयरमा प्रचलित आयकर ऐन, २०६३ को दफा ४७ (क) अन्तर्गतको व्यवस्था बमोजिम कर लाग्ने र सो कर वापतको रकम शेयरधनी स्वयंले नै तिर्नुपर्ने भएकाले उक्त शेयरबाट आर्जित बोनस शेयरमा लाग्ने कर वापतको रकम बुझाउन बाँकी रहेका शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको नाममा रहेको तपसिल बमोजिमको बैंक खातामा जम्मा गरी सो भौचर यस वित्तीय संस्थाको इमेलः manakamana.bonustax@gmail.com मा पठाउनु भए पश्चात् मात्र रकम जम्मा गरेको भौचर र बैंक खातामा जम्मा भएको रकमसंग भिडान गरी क्रमशः बोनस शेयर हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।

**बोनस शेयरको कर वापतको रकम जम्मा गर्ने बैंकको विवरण :**

| | |
|---|---|
| बैंकको नाम | : **NMB Bank Limited, Bhairahawa Branch** |
| खाता नं. | : **0780066128300012** |
| खाताको नाम | : **Manakamana Smart Laghubitta Bittiya Sanstha Limited** |

कर वापतको रकम बैंकमा जम्मा गर्दा भौचरमा **आफ्नो हितग्राही खाता नं., नाम तथा मोबाइल नम्बर** समेत अनिवार्य उल्लेख गर्नुहुन अनुरोध गर्दछौं।

**बोनसमा तिर्नुपर्ने करको रकमको जानकारी प्राप्त गर्ने तरिका :**

**आफुले प्राप्त गर्ने बोनस शेयरमा लाग्ने करको विवरण यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेडको वेबसाइट www.nmbcl.com.np मा गई हेर्न सकिनेछ।**

शेयर दाखिला खारेजी बन्द भएको मिति २०७८/०९/०४ भन्दा अघिल्लो दिन सम्ममा आफ्नो शेयर धितोबन्धक राखी कर्जा सुविधा उपभोग गर्नु भएका शेयरधनीहरुको बोनस शेयरको कर वापतको रकम जम्मा गर्नु पर्ने भए सो समेत जम्मा गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter वा फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बोनस शेयर हितग्राही खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।

अन्य थप जानकारीकालागि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा कार्यालय समयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

**नोटः बोनस शेयरमा लाग्ने कर e-Sewa Apps बाट पनि Search Botton मा गई Manakamana Smart ...........Bonus Tax लाई Choose गरी आवश्यक विवरण भरेर पनि टाइप गरी भुक्तानी गर्न सकिनेछ ।**

**बिक्री प्रबन्धकः**

NMB CAPITAL
एनएमबि क्यापिटल

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ९७७-०१-४५३७९६०
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np